कानून मन्त्रालयबाट प्रत्यायोजित विधायन दर्ता नं: ६२ /०८२
दर्ता मितिः २०८२।११।२९

# नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९

महान्यायाधिवक्ताबाट स्वीकृत मितिः २०७९।१२।२३

प्रस्तावनाः नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सरकारी वकीलले गर्ने बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताबाट देहायको निर्देशिका बनाई लागू गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९ रहेको छ।

(२) यो निर्देशिका महान्यायाधिवक्ताबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) “अदालत” भन्नाले कार्यविधि संहिताको दफा २ को खण्ड (क) मा उल्लेख गरे बमोजिमको अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई सम्झनु पर्छ ।

(ख) “अनुसन्धान अधिकारी” भन्नाले संहिता बमोजिम मुद्दामा अनुसन्धान गर्न तोकिएको अधिकारी वा विशेष टोली सम्झनु पर्छ ।

(ग) "अभियुक्त" भन्नाले कुनै कसूरमा संलग्न भएको भनी आरोपित व्यक्ति सम्झनु पर्छ।

(घ) “अभियोगपत्र” भन्नाले मुद्दामा सरकारी वकील वा सम्बन्धित अधिकारीबाट अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्र सम्झनु पर्छ ।

(ङ) “कसूर” भन्नाले मुलुकी अपराध संहिता र प्रचलित कानून बमोजिम सजाय हुने काम सम्झनु पर्छ।

(च) "कार्यविधि संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

(छ) "जाहेरी दरखास्त" भन्नाले मुद्दासँग सम्बन्धित कसूरका सम्बन्धमा आफूसँग भएको प्रमाण सहित कसूर सम्बन्धी विवरण खुलाई कार्यविधि संहिताको दफा ४ बमोजिम दिएको जाहेरी दरखास्त वा अपराधको सूचना सम्झनु पर्छ र सो शब्दले कसूरका सम्बन्धमा दिएको प्रहरी प्रतिवेदन र अन्य कुनै कार्यालयले दिएको कसूरको जानकारी सम्बन्धी पत्रलाई समेत जनाउँछ।

(ज) “तत्काल प्राप्त प्रमाण" भन्नाले मुद्दामा अनुसन्धानबाट सङ्कलन भएका अभियोगपत्र साथ पेश भएका कागज तथा दशी प्रमाण सम्झनु पर्छ ।

(झ) फौजदारी न्यायका सामान्य सिद्धान्त भन्नाले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २ मा उल्लिखित फौजदारी न्यायका सामान्य सिद्धान्त सम्झनु पर्छ।

(ञ) “बहस पैरवी" भन्नाले मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई मागदावी वा जिकिर पुष्टि गर्न सरकारी वकीलबाट गरिने बहस पैरवी र प्रतिरक्षा सम्झनु पर्छ र सो शब्दले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिएको बहसनोटलाई समेतलाई सम्झनु पर्छ।

(ट) "मुद्दा" भन्नाले कार्यविधि संहिता बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दा सम्झनु पर्छ।

## परिच्छेद २

## बहस पैरवी तथा बहस व्यवस्थापन सम्बन्धी सामान्य नियम

३. बहस पैरवी गर्दा पालना गर्नुपर्ने नियमहरू : (१) सरकारी वकीलले अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्दा व्यावसायिक आचरणको परिधिभित्र रही नेपाल सरकारको हित हुने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गर्दा देहायमा उल्लिखित नियमहरूको पालना गर्नु पर्नेछः-

(क) निर्धारित पोशाकमा समयमै उपस्थित हुने,

(ख) बहस पैरवी गर्नु भन्दा पहिले आफ्नो नाम, पद सहितको परिचय दिने,

(ग) इजलासको मर्यादा र सम्मान गर्ने,

(घ) विपक्षी कानून व्यवसायी प्रति सम्मानजनक व्यवहार गर्ने,

(ङ) फौजदारी न्यायका सामान्य सिद्धान्तहरूको पालना र प्रयोग गर्ने,

(च) मुद्दामा ठहर गर्नुपर्ने कुरा र सोसँग सम्बद्ध कुरामा केन्द्रित रहने,

(छ) मुद्दाको तथ्यसँग मेल खाने नजिरको प्रस्तुति गर्ने,

(ज) कुनै कानूनका दफामा लेखिएको कुरा उल्लेख गर्दा सम्बन्धित कानूनी व्यवस्था हेरेर मात्र व्यक्त गर्ने,

(झ) मुद्दाको तथ्यलाई सिलसिलेवार रुपमा, नम्र, शिष्ट र मर्यादित शैलीमा प्रस्तुत गर्ने,

(ञ) तथ्य, प्रमाण, कानून र सिद्दान्त समेतको विश्लेषण गरी विपक्षीको तर्क वा जिकिरलाई सम्बोधन गर्ने,

(ट) बहस पैरवी गर्दा शुद्ध, सरल र औपचारिक भाषाको प्रयोग गर्ने,

(ठ) इजलासबाट राखिएको जिज्ञासालाई उचित रुपमा सम्बोधन गर्ने,

(ड) बन्द इजलासमा सुनुवाइ हुने मुद्दा र कानून बमोजिम पक्षको गोपनीयता कायम राख्नुपर्ने मुद्दामा गोपनीयता कायम गर्ने,

(ढ) बहस पैरवी र प्रतिरक्षा गर्दा बहस सीप सम्बन्धी आधारभूत मान्यता अनुरूप गर्ने,

(ण) कुनै मुद्दामा एक भन्दा बढी सरकारी वकील खटिएकोमा इजलासले छलफलको बुँदा निर्धारण गरेको भए त्यसमा समेत केन्द्रित रहेर प्रस्तुति नदोहोरिने गरी बहस पैरवी गर्ने,

(ट) मुद्दामा प्रकृति र अवस्था अनुसार प्रमाणको भार सम्बन्धी जिकिर समेत लिने,

(ठ) बहस पैरवी गर्दा अदालतले निर्धारण गरे बमोजिम आफ्नो पालोमा बहस पैरवी गर्ने,

(द) पीडित वा जाहेरवालाले छुट्टै कानून व्यावसायी राखेको अवस्थामा समन्वय गरी बहस पैरवी गर्ने ।

(३) सरकारी वकीलले बहस पैरवीको पूर्व तयारीको क्रममा देहायका कुरा विचार गर्नु पर्नेछः-

(क) सम्बन्धित मिसिल अध्ययन गरी सम्बद्ध कानून, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र आवश्यक सन्दर्भ सामग्रीको संकलन गर्ने,

(ख) मिसिल कागजात अध्यावधिक गरी व्यवस्थित र क्रमबद्ध रूपमा तथ्य, प्रमाण, कानून र सम्बद्ध नजिर समेतको टिपोट गर्ने,

(ग) बहस पैरवी प्रस्तुतिको योजना बनाउने,

(घ) बहसको क्रममा उठ्न सक्ने सम्भावित प्रश्न र मुद्दाको प्रकृति अनुसार अन्य सरकारी वकीलसँग अनुभव आदान प्रदान गर्ने संस्कृतिको विकास गर्ने,

(ङ) संभव भएसम्म कसूर पीडित वा जाहेरवालालाई मुद्दामा बहस हुने पेशीको जानकारी गराउने।

(४) अदालत समक्ष बहसनोट पेश गर्नु पर्दा देहायका कुराहरू विचार गर्नु पर्नेछः-

(क) अनुसूची- १ मा तोकिएको ढाँचामा बहस नोट तयार गर्नु पर्ने,

(ख) बहस नोटमा अदालतले निर्णय / ठहर गर्नु पर्ने विवादित प्रश्न, निर्णय / ठहर हुनु पर्ने आधार र सोलाई समर्थन गर्ने तथ्य, प्रमाण, कानून तथा नजिर समेत सिलसिलाबद्ध रुपमा खुलाउने,

(ग) बहस नोटमा भएका विषयको सन्दर्भ सामग्री सिलसिलेवार रुपमा बहस नोटमा उल्लेख गर्ने ।

४. <u>मुद्दामा सरकारी वकीलले बहस पैरवी चरण :</u> (१) सरकारी वकीलले मुद्दाको देहाय बमोजिम विभिन्न चरण र विषयका सम्बन्धमा बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्नेछः-

(क) कसूरको अनुसन्धान गर्दा अभियुक्तलाई हिरासत राख्ने अनुमति,

(ख) मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने वा नराख्ने,

(ग) सुनुवाइ पूर्वको छलफल,

(घ) हकदैया, अधिकारक्षेत्र र हदम्यादको विवाद सम्बन्धी छलफल,

(ङ) पुनः अनुसन्धानका लागि अनुमति माग्ने,

(च) प्रमाण मुकरर सम्बन्धी,

(छ) मुद्दाको सुनुवाइ (कसूर कायम हुने वा नहुने),

(ज) सजाय निर्धारण सम्बन्धी सुनुवाइ,

(झ) अन्तरकालिन आदेश उपरको निवेदनका सबन्धमा,

(ञ) प्रत्यर्थी झिकाउने आदेशका लागि,

(ट) प्रत्यर्थी झिकाउने आदेश पश्चात् पुनरावेदन जिकिरका सम्बन्धमा,

(ठ) प्रतिवादीको पुनरावेदनका सम्बन्धमा,

(ङ) मुद्दा दोहोऱ्याउन निवेदन गर्ने अनुमतिका सम्बन्धमा,

## परिच्छेद ३

## शुरू तहको अदालत समक्ष गरिने बहस पैरवी

५. हिरासतमा राख्ने अनुमतिका लागि गरिने बहस पैरवी : (१) सरकारी वकीलले कार्यविधि संहिताको दफा १४ को उपदफा (६) बमोजिम अनुसन्धानको क्रममा हिरासतमा राख्ने अनुमतिका लागि बहस पैरवी गर्दा पक्राउ परेको व्यक्तिलाई हिरासतमा राखी कसूरको अनुसन्धान गर्नु पर्ने पर्याप्त र मनासिब आधार र कारण खुलाउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम आधार कारण खुलाउँदा कसूरमा संलग्न रहेको व्यक्ति फरार हुनसक्ने, प्रमाण लोप वा नाश गर्न सक्ने वा अर्को कसूर गर्न सक्ने वा पीडितलाई क्षति पुयाउन सक्ने सम्भावना समेत दर्शाउनु पर्दछ ।

(३) म्याद थप माग गर्दा हिरासतमा राखी गरिएको अनुसन्धानको प्रगति र बाँकी अनुसन्धानको विषय समेत उल्लेख गर्नु पर्दछ ।

(४) यस दफा बमोजिम बहस पैरवी गर्दा कसूरको अनुसन्धानमा प्रतिकूल प्रभाव पर्न सक्ने गोप्य वा संवेदनशील कुरा व्यक्त गर्नु हुँदैन ।

६. थुनछेकको लागि गरिने बहस पैरवी: (१) देहायका कुनै कसूरको अभियोग लागेका अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न आदेश हुन जिकिर लिई अदालतमा बहस पैरवी गर्नु पर्नेछः-

(क) जन्म कैदको सजाय हुन सक्ने कसूर,

(ख) तीन वर्षभन्दा बढी कैदको सजाय हुन मागदाबी भएको कसूर,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर,

(घ) खण्ड (क) र (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको,

(ङ) एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन मागदाबी भएका अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेको,

(च) अनुसन्धानको क्रममा फरार रही अदालतबाट कानून बमोजिम पक्राउ पूर्जी जारी भएकोमा पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र अदालतबाट जारी म्यादमा उपस्थित हुन नआउनाको कुनै सन्तोषजनक कारण देखाउन नसकेको,

(छ) मुद्दामा अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै मुद्दामा कैद सजाय पाउने ठहर भएको।

(२) उपदफा (१) मा उल्लेखित कुराको अतिरिक्त थुनछेकको बहसमा सरकारी वकीलले देहायका कुरा समेत स्पष्ट हुने गरी बहस पैरवी गर्नु पर्नेछः-

(क) तत्काल प्राप्त प्रमाणका आधारमा मुद्दामा अभियुक्त उपर लगाइएको अभियोग अनुसारको कसूरको वारदात स्थापित हुन्छ सो कुरा,

(ख) थुनछेकको आदेश गर्नुपर्ने अभियुक्त उपर लिइएको सजायको मागदावी र प्रत्येक अभियुक्त उपरको मागदावी पुष्टि हुने तत्काल प्राप्त प्रमाण,

(ग) थुनछेक सम्बन्धी प्रचलित कानूनी व्यवस्था र अभियुक्त उपरको मागदावी अनुरूप हुन सक्ने सजाय,

(घ) अभियुक्तलाई थुना वा धरौटीमा राखी पुर्पक्ष गर्नु पर्ने आधार र कारण,

(ङ) विषयवस्तुसँग सम्बन्धित नजिर वा प्रतिपादित सिद्धान्त,

(च) समानस्तरका अन्य अभियुक्तलाई भएको पूर्व आदेश,

(छ) मुद्दाको प्रकृति अनुसार अवलम्बन गर्नु पर्ने कार्यविधि वा प्रकृया,

(ज) लगातार सुनुवाई हुनुपर्ने प्रकृतिका मुद्दामा प्रतिवादी चुक्ता भई सकेको भए लगातार सुनुवाई गरी पाउँ भन्ने जिकिर लिने ।

<u>७. सुनुवाइ पूर्वको छलफल (प्रिट्रायल कन्फरेन्स) :</u> कार्यविधि संहिताको दफा १२४ बमोजिम मुद्दामा ठहर गर्नुपर्ने कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गराउन आदेश दिएकोमा सरकारी वकीलले सो सम्बन्धी बहस पैरवी गर्दा देहायका कुराहरू समेत विचार गरी अदालत समक्ष प्रस्तुत गर्नु पर्नेछः-

(क) अभियोगपत्र साथ उपस्थित गराइएका वा अदालतबाट जारी भएको म्यादमा उपस्थित भई अदालतमा बयान गर्दा प्रतिवादीले अभियोग मागदाबी बमोजिम कसूर स्वीकार गरेको कारण अदालतले उसै बखत फैसला गरेको अवस्थामा बाहेक यस दफा बमोजिम सम्बन्धित सरकारी वकील अदालत समक्ष सुनुवाइ पूर्वको छलफलमा उपस्थित हुनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम इजलास समक्ष हुने सुनुवाइ पूर्वको छलफलमा मुद्दामा ठहर गर्नु पर्ने विषयमा केन्द्रित रही अभियोगपत्रमा उल्लेख गरिएका साक्षी प्रमाणको उल्लेख गरी सम्बद्ध प्रमाण बुझ्नका लागि प्रमाण मुकरर आदेश गर्न इजलासलाई सहयोग गर्नु पर्नेछ।

(ग) अदालतमा उपस्थित भएका प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा उल्लिखित तथ्य भन्दा फरक जिकिर लिएको वा नयाँ तथ्य खुलाएको कारण थप अनुसन्धान गर्न आवश्यक भएमा छलफलमा उपस्थित सरकारी वकीलले सुनुवाइ पूर्वको छलफलमा थप अनुसन्धान गर्ने आधार र औचित्यका बारेमा जिकिर लिई अदालतबाट प्रमाण मुकरर आदेश गर्नु पूर्व थप अनुसन्धान गर्ने अनुमतिका लागि अनुसूची-२ बमोजिमको ढाँचामा पत्राचार गर्नु पर्नेछ।

<u>८. प्रारम्भिक सुनवाइ सम्बन्धी बहस पैरवीः</u> कार्यविधि संहिताको दफा ५१ बमोजिम मुद्दा सुनुवाइ गर्ने अधिकारक्षेत्र नभएको, मुद्दा दायर गर्ने हकदैया नभएको र मुद्दा दर्ता गर्ने हदम्याद नभएको सम्बन्धमा उठेको प्रश्नका सम्बन्धमा निर्णय गर्न पेश भएको मुद्दामा बहस पैरवी गर्दा सरकारी वकीलले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अभियोगपत्र दर्ता गरेको अदालतको क्षेत्राधिकार भित्र नपर्ने, मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद भित्र अभियोगपत्र दर्ता नभएको भनी प्रतिवादीले जिकिर लिइएकोमा सो सम्बन्धमा निर्णय लिन सहयोग पुग्ने गरी कानूनी बुँदा र सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्तमा केन्द्रित रहेर बहस पैरवी गर्ने,

(ख) मुद्दामा क्षेत्राधिकार सम्बन्धी प्रश्न निहित रही छलफल गर्दा अन्य अदालत वा मुद्दा हेर्ने अधिकारीको क्षेत्राधिकार भित्र पर्ने देखिएकोमा क्षेत्राधिकार भएको निकायमा पठाउने आदेश गर्न जिकिर लिने ।

९. <u>पुनः अनुसन्धानको लागि अनुमति माग गर्दा गरिने बहस पैरवीः</u> (१) अभियुक्तले अनुसन्धानको क्रममा गरेको बयान भन्दा फरक जिकिर लिई बयान गरेको कारण संहिताको दफा १२३ को उपदफा (२) बमोजिम पुनः अनुसन्धान गर्नु पर्ने अवस्थामा सरकारी वकीलले लिखित रूपमा अनुरोध गरी यसमा अनुमति प्रदान गर्न जिकिर लिई बहस पैरवी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम यसरी पुनः अनुसन्धान पश्चात प्राप्त भएका सबुद प्रमाणका आधारमा सुनुवाइ पूर्वको छलफल गर्नु पर्ने अवस्थामा दफा ६ बमोजिम बहस पैरवी गर्नु पर्नेछ ।

<u>१०. प्रमाण बुझ्ने सम्बन्धी सुनुवाइमा गरिने बहस पैरवीः</u> मुद्दामा प्रमाण बुझ्ने सम्बन्धी बहस गर्दा सरकारी वकीलले देहायका कुरामा विचार गर्नु पर्नेछः-

(क) मुद्दामा ठहर गर्नुपर्ने कुरालाई समर्थन गर्ने र अदालतले परीक्षण गर्नुपर्ने वा थप बुझ्नु पर्ने प्रमाण उल्लेख गर्ने,

(ख) मुद्दामा कुनै विशेषज्ञ वा विशेषज्ञ साक्षी बुझ्नु पर्ने भएमा त्यस्ता साक्षीको परीक्षणको लागि जिकिर लिने,

(ग) मुद्दामा बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त वा नाबालक वा सुरक्षाको कारणले अदालतमा उपस्थित गराउन नसकिने भएमा त्यस्ता साक्षीलाई कानून बमोजिम बन्द सबाल वा श्रव्यदृष्य मार्फत परीक्षण गर्न जिकिर लिने,

(घ) मुद्दाको गम्भीरता हेरी नबुझी नहुने साक्षीलाई उपस्थित गराउन जिकिर लिने,

(ङ) मुद्दामा बुझ्नु पर्ने प्रमाण एकै पटक बुझ्ने गरी आदेश हुन जिकिर लिने,

(च) साक्षी परीक्षणको क्रममा अदालतमा उपस्थित हुन आउँदा वा साक्षी परीक्षण पश्चात् फर्किदा कुनै सरकारी साक्षीलाई अभियुक्त वा अन्य कसैबाट धम्की वा सुरक्षामा खतरा हुनसक्ने मनासिब आधार रहेकोमा प्रमाण बुझ्ने सम्बन्धी बहस पैरवी कै क्रममा यस सम्बन्धी जिकिर लिई साक्षी वा पीडितको सुरक्षाका लागि यथोचित आदेशका लागि अनुरोध गर्ने,

(छ) साक्षीको बकपत्रमा साक्षीलाई अनुचित वा असम्बद्ध वा बेइज्यती गर्ने वा झिझ्याउने किसिमको प्रश्न सोध्नबाट रोक लगाउन इसलास समक्ष जिकिर लिने,

(ज) नेपाल सरकार वादी हुने मुद्दामा वादीका साक्षीको पहिले बकपत्र गराउनु पर्ने गरी कानूनले प्राथमिकता क्रम निर्धारण गरेको हुँदा यसको लागि सरकारी वकील क्रियाशील हुनु पर्ने,

(झ) साक्षीलाई बकपत्र गराउन तोकिएको सरकारी वकील सम्बन्धित इजलास समक्ष उपस्थित भई घटना सम्बन्धी सत्यतथ्य व्यहोरा खुल्ने गरी सोधपुछ गर्ने, प्रतिवादी पक्षको जिरहपछि त्यस्ता साक्षीलाई आवश्यकता अनुसार तथ्य स्पष्ट पार्न पुनः सोधपुछ गर्नु पर्ने,

(ञ) मुद्दामा प्रतिवादीका साक्षीले बकपत्र गर्दा उल्लेख गरेको तथ्यको सत्यताका लागि सरकारी वकीलले प्रतिवादीका साक्षीलाई आवश्यकता अनुसार जिरह गर्नु पर्ने,

(ट) मुद्दामा प्रतिवादीको उपस्थितिले वा अन्य कुनै मनासिव कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दबाब परेको वा पर्ने प्रवल सम्भावना छ भन्ने देखिएमा त्यस्तो प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने वा निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहबरमा बकपत्र गराउने व्यवस्था गर्न इजलास समक्ष अनुरोध गर्नु पर्ने,

(ठ) सरकारी साक्षीले अनुसन्धानमा गरेको कागज व्यहोराको प्रतिकूल वा फरक तथ्य उल्लेख गरी बकपत्र गरेमा वा बकपत्रमा उल्लेख गरेको तथ्यमा सत्यता रहे नरहेको यकिन हुने गरी सोधपुछ वा पुनः सोधपुछ गर्दा आवश्यक सबाल सोध्नु पर्ने,

११. मुद्दाको सुनुवाइमा गरिने बहस पैरवीः मुद्दाको सुनुवाइको क्रममा सरकारी वकीलले देहाय बमोजिम बहस पैरवी गर्नु पर्नेछः-

(क) मुद्दामा ठहर गर्नु पर्ने वा निर्णय गर्नु पर्ने प्रश्नमा केन्द्रित भई बहस प्रस्तुत गर्ने,

(ख) अभियोग मागदावी बमोजिमको कसूरको वारदात स्थापित गर्ने हुने सबुद प्रमाण प्रस्तुत गर्ने,

(ग) फरार रहेका प्रतिवादीको हकमा कार्यविधि संहिताको दफा ९८ बमोजिम मुद्दा मुल्तवीमा राख्न जिकिर लिने,

(घ) अभियोग मागदावी लिइएका प्रतिवादीको कसूरमा रहेको संलग्नता र सोलाई पुष्टि गर्ने प्रमाण पेश गर्ने,

(ङ) प्रमाण प्रस्तुति गर्दा प्रत्यक्ष र महत्वपूर्ण प्रमाण अन्य सम्बद्ध प्रमाण र परिस्थितिजन्य प्रमाणलाई सिलसिलेवार रुपमा प्रस्तुत गर्ने,

(च) भौतिक वा वैज्ञानिक प्रमाण, त्यसको आधिकारिकता र त्यसको वारदातसँग सम्बद्धता समेत स्पष्ट रूपमा देखाउने.

(छ) प्रतिवादी वा अभियुक्तको बयानमा लिइएको जिकिर खण्डन हुने गरी तथ्य र आधार प्रस्तुत गर्ने

(ज) प्रतिरक्षी कानून व्यवसायीले बहसमा उठाएका प्रश्न र जिकिरलाई तथ्ययुक्त र कानूनी आधारमा सम्बोधन गर्ने,

(झ) अभियोग मागदावीसँग सम्बन्धित कानून र सोसँग सम्बन्धित नजिर वा सिद्धान्त उल्लेख गरी बहस पैरवी गर्ने ।

<u>१२. सजाय निर्धारण सम्बन्धी सुनुवाइमा गरिने बहस पैरवी :</u> फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारण सम्बन्धी सुनुवाइमा सरकारी वकीलले देहाय बमोजिम बहस पैरवी गर्नु पर्नेछः-

(क) कसूरको गम्भीरता, अभियुक्तको कसूरमा सहभागिता, निजको उमेर तथा अवस्था समेतका आधारमा निजलाई हुनुपर्ने सजायको जिकिर लिने,

(ख) कसूरको गम्भीरता घटाउने र बढाउने सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को भाग - १ परिच्छेद ४ मा उल्लिखित कुराका अतिरिक्त अन्य कुनै कानूनमा व्यवस्था भए सोसमेत उल्लेख गरी कसूर अनुरूपको सजायको जिकिर लिने.

(ग) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद-२ मा उल्लिखित कानूनी व्यवस्थालाई आधार लिने,

(घ) सजाय निर्धारण गर्दा सजाय पूर्वको प्रतिवेदन र पीडित प्रभाव प्रतिवेदनमा उल्लिखित कुराहरूलाई समेत आधार लिने,

(ङ) सर्वोच्च अदालतबाट जारी भएको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ समेतलाई आधार लिने,

(च) सजाय निर्धारण प्रकृयामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६ समेतका आधारमा बहस पैरवी गर्ने,

## परिच्छेद ४

## पुनरावेदन तहमा गरिने बहस पैरवी

१३. अन्तरकालीन आदेश उपरको निवेदनमा गरिने बहस पैरवी: अन्तरकालीन आदेश उपरका निवेदनको सुनुवाइको क्रममा बहस पैरवी गर्दा देहायमा उल्लिखित कुरा विचार गरी गर्नु पर्नेछः-

(क) नेपाल सरकारको तर्फबाट निवेदन दायर भएकोमा तल्लो तहको अदालतबाट भएको थुनछेक वा अन्तरकालीन आदेश कानून अनुकूल नरहेको आधार कारण उल्लेख गरी कैफियत प्रतिवेदन माग गर्न जिकिर लिने.

(ख) कैफियत प्रतिवेदन प्राप्त भएपछि हुने सुनुवाइमा मिसिल संलग्न तथ्य, प्रमाण समेतको आधारमा अन्तरकालीन आदेश बदर गर्न जिकिर लिने,

(ग) अभियुक्तको तर्फबाट अन्तरकालीन आदेश उपर निवेदन परी सरकारी वकीललाई झिकाइएकोमा मिसिल संलग्न तथ्य, प्रमाण समेतको आधारमा अन्तरकालीन आदेश सदर गर्न जिकिर लिने,

(घ) अन्तरकालीन आदेश उपरको निवेदनमा बहस गर्दा मुद्दाको तथ्य, आदेश गर्दाको आधार, प्रचलित कानूनले गरेका व्यवस्था एवम् सो विषयमा सर्वोच्च अदालतबाट प्रतिपादन गरेको सिद्धान्तहरु समेतलाई आधार लिने।

१४. प्रत्यर्थी झिकाउने आदेशका लागि गरिने बहस पैरवी : नेपाल सरकारको तर्फबाट पुनरावेदनपत्र दर्ता भई सुनुवाइको लागि इजलास समक्ष पेश भएको मुद्दामा प्रत्यर्थी झिकाउने आदेशको लागि बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) बहसको प्रारम्भमा पुनरावेदक वादी, पुनरावेदन गरिएका प्रतिवादी, मुद्दाको नाम, अभियोग मागदावी, कुन अदालतले के फैसला गरेको हो र सो फैसला उपर कुन हदसम्म चित्त नबुझी पुनरावेदन गरेको हो संक्षिप्त रुपमा उल्लेख गर्ने,

(ख) फैसला गर्दा अदालतले लिइएका निर्णयाधारहरू बुँदागत रूपमा उल्लेख गरी उक्त फैसला के आधारमा त्रुटिपूर्ण छ, तथ्य प्रमाण र सम्बद्ध नजिर उल्लेख गरी त्यस्तो फैसलाको ठहर फरक पर्न सक्ने आधार खुलाई प्रत्यर्थी झिकाउन जिकिर लिने,

(ग) खण्ड (ख) बमोजिम प्रत्यर्थी झिकाउने जिकिर लिँदा देहायका आधारहरु उल्लेख गर्नेः-

(१) अभियोग मागदावी गरिएको सबै विषयमा ठहर निर्णय नभएको,

(२) तथ्यको विश्लेषण र प्रमाणको मूल्याङ्कन सही रूपमा नभएको,

(३) ग्रहण गर्नु पर्ने प्रमाण ग्रहण नगरिएको र ग्रहण गर्नु नपर्ने प्रमाण ग्रहण गरिएको,

(४) बुझ्नु पर्ने प्रमाण नबुझी फैसला भएको,

(५) स्थापित तथ्य र कानूनको प्रयोगमा तादात्म्यता नरहेको,

(६) कानूनको व्याख्या गलत किसिमले भएको,

(७) बाध्यात्मक रूपमा पालना गर्नु पर्ने नजिर एवं फौजदारी न्यायका मान्य सिद्धान्तको पालना नगरिएको कारणले अन्यथा फैसला भएको,

(८) सजाय निर्धारण गर्दा कसूरको गम्भीरता समेतका आधार, कारण र औचित्य नखुलाइएको,

(९) समानस्तरका प्रतिवादीका हकमा फरक फरक फैसला भएको,

(१०) विशेष अवस्थाका व्यक्तिको हकहितको संरक्षण नभएको,

(११) सार्वजनिक हित र पीडित न्यायको मान्यता अनुरूप फैसला नभएको,

(१२) सर्वोच्च अदालतबाट जारी गरिएको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ को पालना नभएको ।

(घ) दोहोरो पुनरावेदन परेको अवस्थामा प्रत्यर्थी झिकाउने आदेश हुनु अगावै आफ्नो पुनरावेदन जिकिरमा मात्र सीमित रहेर बहस पैरवी गर्ने।

१५. नेपाल सरकारको पुनरावेदनमा अन्तिम सुनुवाइको बहस पैरवी : अन्तिम सुनुवाइको लागि हुने बहस पैरवीमा दफा १४ मा उल्लेखित आधारका अतिरिक्त देहायका कुरा समेत विचार गरी बहस गर्नु पर्नेछ :-

(क) पुनरावेदन जिकिर लिइएका कुरालाई पुष्टि गर्ने मिसिल संलग्न सबुद, प्रमाण, सम्बद्ध कानून र नजिर उल्लेख गर्ने,

(ख) प्रत्यर्थी झिकाउने आदेशमा लिइएका आधारहरु समेतलाई विचार गरी बहस पैरवी गर्ने,

(ग) प्रतिउत्तर बहसमा प्रत्यर्थीको तर्फबाट लिइएका जिकिरहरुलाई सम्बोधन गर्ने,

१६. प्रतिवादीको पुनरावेदनमा बहस पैरवी: प्रतिवादीको पुनरावेदनमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) पुनरावेदनमा जिकिर लिइएका कुराहरू र प्रतिवादीका तर्फबाट बहसमा जिकिर लिइएका कुराहरू बुँदागत रूपमा उल्लेख गरी त्यस्तो जिकिर खण्डन हुने तथ्य, प्रमाण, कानून र प्रतिपादित सिद्धान्त क्रमबद्ध रुपमा प्रस्तुत गर्ने,

(ख) प्रत्यर्थी झिकाउने आदेशमा लिइएको आधारहरु खण्डन गर्ने,

(ग) फैसला गर्दा लिइएका आधार र कारणसमेत उल्लेख गरी बहस पैरवी गर्ने ।

१७. मुद्दा दोहोऱ्याउन निवेदन गर्ने अनुमतिका लागि गरिने बहस पैरवी : मुद्दा दोहोऱ्याइ हेर्न गरेको निवेदनको सुनुवाइमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) कानूनको प्रयोग, पालना र व्याख्यामा गम्भीर त्रुटि हुन गएको छ भन्ने कुरा अदालतलाई विश्वास दिलाउन स्थापित तथ्य, प्रमाण र कानून स्पष्ट रूपमा खुलाउने,

(ख) सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको पालना नभएको वा त्यस्तो नजिरलाई गलत किसिमले व्याख्या भएको अवस्थामा सो सम्बन्धी सान्दर्भिक नजिर प्रस्तुत गर्ने,

(ग) मिसिल संलग्न सबुद प्रमाणको गलत किसिमले मूल्याङ्कन गरेको कारण सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुग्न गएको भन्ने तथ्य स्थापित गराउने,

(घ) नाबालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक फरक पर्न गएको भए आधार र कारण सहित सो कुराको समेत जिकिर लिने,

(ङ) मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको वा पुनरावलोकनको लागि निस्सा भएकोमा दफा १५ र १६ बमोजिम बहस पैरवी बमोजिम गर्ने ।

१८. <u>बहस पैरवी प्रतिरक्षा नगर्ने :</u> नेपाल सरकार वादी हुने मुद्दामा अदालतबाट भएका आदेश वा फैसला उपर नेपाल सरकारको तर्फबाट निवेदन, पुनरावेदन नगर्ने निर्णय भैसकेको अवस्थामा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितको निवेदन, पुनरावेदन परी सरकारी वकील कार्यालयमा सो मुद्दाको पेशीको सूचना प्राप्त हुन आएमा नेपाल सरकारको तर्फबाट सो मुद्दामा निवेदन, पुनरावेदन नगर्ने निर्णय भएको व्यहोरा जानकारी गराई त्यस्ता निवेदन, पुनरावेदनमा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा नगर्ने व्यहोरा अदालतलाई लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## विविध

१९. मिलापत्र सम्बन्धी कारवाहीमा बहस पैरवी : कार्यविधि संहिताको दफा १७ को उपदफा (२) बमोजिम मिलापत्रका लागि इजलास समक्ष पेश भएका मुद्दामा इजलासबाट खोजी भएमा सरकारी वकीलले देहाय बमोजिम बहस पैरवी गर्नु पर्नेछः

(क) पीडित र प्रतिवादीले मुद्दा मिलापत्र गर्न सहमत भएका शर्तहरु,

(ख) मिसिल संलग्न रहेका तथ्यगत विवरण,

(ग) कार्यविधि संहिताको दफा ११७ को उपदफा (२) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ बमोजिमका प्रकृया पूरा भएको व्यहोरा,

२०. बहस पैरवी रोक्न अनुरोध गर्ने : कार्यविधि संहिताको दफा १८० को उपदफा (५), मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १० तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १२ बमोजिम मुकरर भएका कानून व्यवसायीले अभियोग दावी वा नेपाल सरकारक तर्फबाट दायर भएका निवेदन, पुनरावेदन जिकिर विपरित बहस पैरवी गरेमा तत्काल त्यस्तो बहस पैरवी रोकी पाउनका लागि सरकारी वकीलले इजलास समक्ष अनुरोध गर्नु पर्नेछ।

२१. निर्देशिकाको प्रयोगः कार्यविधि संहिताको अनुसूची १ र अनुसूची - २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अतिरिक्त सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्ने अन्य सरकार वादी मुद्दा र नेपाल सरकारको प्रतिरक्षा गर्न गरिने बहस पैरवीमा समेत यस निर्देशिकामा उल्लिखित व्यवस्थालाई पालना गर्नु पर्नेछ ।

२२. प्रचलित कानून बमोजिम हुनेः यस निर्देशिकामा उल्लिखित कुनै कुरा प्रचलित कुनै नेपाल कानूनसँग बाझिएमा वा प्रचलित नेपाल कानूनको व्यवस्था र निर्देशिकाको व्यवस्था मध्ये कुन व्यवस्था पालनामा गर्ने भन्नेमा द्विविधा उत्पन्न भएमा प्रचलित नेपाल कानून बमोजिम गर्नु पर्नेछ।

२३. खारेजी : नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५ लाई खारेज गरिएको छ।

अनुसूची- १

बहस नोटको ढाँचा

(दफा ३ को उपदफा (४) को खण्ड (क) सँग सम्बन्धित)

अदालतमा पेश गरेको

बहसनोट

..... सालको मुद्दा नं. ....

--------

इजलास

माननीय न्यायाधीश

...................को तर्फबाट सरकारी वकील कार्यालयका....................-बहसनोट प्रस्तुतकर्ता

वादी/प्रत्यर्थी

विरूद्ध

..........................................................................................................प्रतिवादी / निवेदक

विपक्षी

रिट / मुद्दाः-

सम्मानित इजलासको मिति ..... को आदेश एवं ...... नियमावलीको नियम ...... बमोजिम तलका प्रकरणहरुमा व्यहोरा खुलाई यो लिखित बहसनोट प्रस्तुत गरिएको छः

१. मुद्दाको विस्तृत विवरण सम्बन्धित मिसिलबाट अवगत हुने भएकाले यहाँ पुनरावृत्ति गरिएको छैन ।

२. निवेदक/ वादीको मुख्य जिकिरः

३. लिखित जवाफ / प्रतिवादीको जिकिरको सार संक्षेपः

४. प्रत्यर्थी तर्फबाट रहनु भएका कानून व्यवसायीहरुले बहसको क्रममा उठाउनु भएका मुख्य तर्कः .. बहस कार्य बहस नोट पेश गर्न आदेश भएको भए

५. निर्णय गर्नु पर्ने प्रश्नहरुः

१. --------

२. --------

६. प्रकरण ५ मा उल्लिखित निर्णय गर्नु पर्ने प्रश्नहरुको सम्बन्धमा नेपाल सरकारका तर्फबाट देहाय अनुसार बहसनोट प्रस्तुत गरिएको छ । (सिलसिलाबद्ध रुपमा बुँदाहरुमा बहस बुँदा खुलाई क्रमश आधार/कारण/कानून/नजिर उल्लेख गर्ने)

(क)

(ख)

७. अतः ........ गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ ।

............. को तर्फबाट बहसनोट प्रस्तुतकर्ताः

दस्तखतः

नाम थरः

पदः

ईति सम्बत◌् ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ......